नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल प्रधान कार्यालय

आर्थिक प्रशासन निर्देशनालय

प्रबन्ध शाखा(खरिद ईकाई)

हलचोक काठमाण्डौ

## राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. ५

**प्रथम पटक सूचना प्रकाशित मिति २०७३।०८।२४ गते ।**

१. आर्थिक बर्ष २०७३/०७४ मा सशस्त्र प्रहरी बललाई आवश्यक हुने बोलपत्र कागजातमा उल्लेखित विपद् व्यवस्थापन सम्बन्धी सामाग्रीहरु शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य बोलपत्रदाताहरुबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. बोलपत्रदाताले लिखित निवेदनमा रु.१०।- को टिकट टाँसी VAT/PAN दर्ता प्रमाणपत्र, फर्म/संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, आ.व.२०७२/०७३ को करचुक्ता प्रमाण पत्र वा आ.व.२०७२/०७३ मा कर बिबरण पेश गर्न म्याद थप गरेको प्रमाण पत्रहरुको प्रतिलिपी पेश गरेर मात्र यस कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचौर, काठमाण्डौमा रु.१,०००।-(फिर्ता नहुने गरी) बुझाई मिति २०७३।०९।२४ गते कार्यालय समय भित्र छुट्टाछुट्टै बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ ।

३. बोलपत्र सम्बन्धी कागजात मिति २०७३।०९।२५ गतेको १२:०० बजे भित्र प्रबन्ध शाखा, सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिने छ ।

४. बोलपत्रदाताले बोलपत्र जमानत बापत बोलपत्र कागजातमा उल्लेखित रकममा नघटाई कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित धरौटी खाता नं. ११००२०३, यस कार्यालयको कोड नं. २७-३१४-५४ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलाएको सक्कलै बोलपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा कम्तीमा १२० दिन हुनु पर्नेछ ।

५. बोलपत्रको मान्य अवधी बोलपत्र दर्ता गर्ने अन्तिम मिति देखि गणना गर्दा ९० दिनको हुनेछ ।

६. बोलपत्र पेश गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक (Pre Bid Metting) मिति २०७३/०९/१४ गते १३०० बजे प्रबन्ध शाखा, सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोकमा राखिएको छ ।

७. बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ ।

८. यो सूचना सशस्त्र प्रहरी बलको website:www.apf.gov.np बाट प्राप्त गर्न सकिनेछ साथै यस कार्यालयको फोन.नं.४२८९७४९ मा सम्पर्क गरी कार्यालय समयमा बोलपत्र सम्बन्धमा थप जानकारी लिन सकिने छ ।

९. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन-२०६३ र सार्बजनिक खरिद नियमावली-२०६४ तथा बोलपत्र कागजात अनुसार तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।